## प्रस्ताव पेश गर्न पूरा गर्न पर्ने आधारभूत आवश्यकताहरुः

| उच्च शिक्षा संस्था | आधारभूत आवश्यकता |
|---|---|
| विश्वविद्यालयहरू तथा अन्तर्गतका, अध्ययन संस्थानहरू, सङ्कायहरू, स्कूलहरू, केन्द्रीय विभागहरू, आङ्गिक र सामुदायिक क्याम्पसहरू | पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण पूरा गरी लेखा परीक्षण प्रतिवेदन सरोकारवालालाई सार्वजनिक गरिएको । |
| | शैक्षिक व्यवस्थापन सूचना प्रणालीको व्यवस्था गरिएको । |
| | सम्बन्धित निकायलाई तथ्याङ्क उपलब्ध गराउने गरेको । |
| | वार्षिक प्रतिवेदन प्रकाशित गर्दै आएको । |
| | सार्वजनिक प्रकृतिका सूचना, वेबसाइट वा अन्य माध्यमबाट सार्वजनिक गरी आएको । |
| **संस्थाका प्रकृति अनुसार थप आवश्यकता** | |
| सूत्रमा आधारित अनुदान प्राप्त गरिरहेका विश्वविद्यालयहरू | सूत्रमा आधारित अनुदानमा सहभागी हुन आयोगसँगको सम्झौतामा हस्ताक्षर गरेको । |
| सूत्रको आधारमा अनुदान प्राप्त गरी नसकेका अन्य विश्वविद्यालयहरू | सूत्रको आधारमा अनुदान प्राप्त गर्न सहमति पत्रमा हस्ताक्षर गर्ने वा विश्वविद्यालय अन्तर्गतका सबै क्याम्पसले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) का लागि SSR तयारी गर्न LOI स्वीकृत भएको हुनुपर्ने । |
| | DLI 2 अन्तर्गत कार्य सम्पादन अनुदानका लागि स्वायत्त वा विकेन्द्रीकृत भएको हुनुपर्नेछ । DLI 5 मा उल्लेखित वार्षिक परीक्षा प्रणालीबाट सेमेष्टर प्रणालीमा कार्यक्रम संचालन अनुदानका सन्दर्भमा स्वायत्त वा विकेन्द्रीकृत नभएका र गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीका लागि LOI पेश नगरेका उच्च शिक्षा संस्था पनि सहभागी हुन पाउने । |
| त्रि.वि.का आङ्गिक क्याम्पसहरू | सञ्चालक समिति वा व्यवस्थापन तथा विकास परिषद् गठन भएको हुनुपर्ने । |
| | सञ्चालक समिति वा व्यवस्थापन तथा विकास परिषद्को निर्णय पुस्तिका मागेको समयमा सरोकारवालालाई उपलब्ध गराउनु पर्ने । |
| | गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) का लागि आशय पत्र बुझाई सोका लागि योग्य हुनुपर्ने । (एक वर्ष भन्दा अगाडि आयोगमा QAA का लागि LOI बुझाई सकेका तर SSR बुझाउन नसकेका क्याम्पसहरुले पुनः LOI फाराम भर्नु पर्नेछ) । |
| सामुदायिक क्याम्पसहरूका लागि | क्याम्पसको विधान/प्रबन्धपत्र/नियमावलीनुसार गठन भई सक्रियता साथ कार्यरत व्यवस्थापन/सञ्चालक समिति । |
| | विधान/प्रबन्धपत्र/नियमावलीमा निम्न प्रावधान समावेश भएको हुनु पर्नेः<br>● गैर नाफामूलक संस्थाको रुपमा समुदायद्वारा स्थापना भएको हुनुपर्ने । व्यवस्थापन/सञ्चालक समितिको सदस्यताका लागि स्पष्ट प्रावधान हुनुपर्ने ।<br>● व्यवस्थापन/सञ्चालक समितिको पदावधि स्पष्ट तोकिएको हुनुपर्ने ।<br>● क्याम्पस विघटन भएको खण्डमा सबै सम्पति सरकार वा सम्बन्धन दिने विश्वविद्यालयको हुने । |
| | गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA)का लागि SSR तयारी गर्न LOI स्वीकृत भएको हुनुपर्ने । (एक वर्ष भन्दा अगाडि आयोगमा QAA का लागि LOI बुझाई सकेका तर SSR बुझाउन नसकेका क्याम्पसहरुले पुनः LOI फाराम भर्नु पर्नेछ) । |
| विश्वविद्यालयका स्कूलहरू, सङ्कायहरू तथा त्रिवि केन्द्रीय विभागहरू | गुणस्तर सुनिश्चितता तथा प्रत्यायनमा सहभागिताका लागि आशय पत्र बुझाएको र सो का लागि योग्यता पुगेको हुनुपर्ने । |